बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८२।०८३
चलानी नम्बर:

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सामाजिक विकास कार्यालय काभ्रेपलान्चोक, नेपाल

मिति: २०८२।१२।१०

**विषय: सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रमको लागि पुस्तकालय छनोट गरिएको सूचना।**

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **'सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रम'**को लागि "सामुदायिक पुस्तकालय सवलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०८२" बमोजिम मिति २०८१।०९।२९ गते सार्वजनिक सूचना प्रकाशन गरी काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरुबाट प्रस्ताव आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुलाई कार्यविधिको दफा ७ बमोजिम मूल्याङ्कन गरी यस कार्यालयको मिति २०८१।१२।१० को निर्णयानुसार तपसिलको पुस्तकालय सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रमको लागि छनोट भएकोले सम्बन्धितको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

(१) **प्रकाश सामुदायिक पुस्तकालय, धुलिखेल न.पा -.५, काभ्रेपलाञ्चोक**

**पुनश्च: छनोट भएका सामुदायिक पुस्तकालयले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपसिलका कागजातहरुसहित सम्झौताका लागि पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष र सचिव यस कार्यालयमा उपस्थिति हुन समेत अनुरोध छ।**

- यस कार्यालयबाट उपलब्ध हुने रु. ७ लाख तथा पुस्तकालय स्वयं वा स्थानीय तहबाट लागत साझेदारी हुने भए सो समेत समावेश भएको परिमार्जित कार्यक्रम कार्यान्वयन योजना
- कार्यक्रम कार्यान्वयन योजनामा उल्लेख भए बमोजिम प्राविधिकबाट स्पेशिफिकेशन, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्नुपर्ने हकमा सम्बन्धित विषय क्षेत्रको प्राविधिकबाट तयार गर्न लगाई पुस्तकालय व्यवस्थापन समितिको बैठकबाट स्वीकृत गरी स्थानीय तहको सिफारिससहित पेश गर्नुपर्नेछ,
- प्राविधिकबाट स्पेशिफिकेशन, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्नु नपर्ने विषय क्षेत्रका सन्दर्भमा लागत अनुमान तयार गरी गराई पुस्तकालय व्यवस्थापन समितिको बैठकबाट स्वीकृत गरी स्थानीय तहको सिफारिससहित पेश गर्नुपर्नेछ,
- सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रमका लागि कार्यालयसँग सम्झौता गर्ने सम्बन्धी पुस्तकालय व्यवस्थापन समितिको निर्णय,
- पुस्तकालयको नाममा रहेको PAN No. को फोटोकपी
- पुस्तकालयको नाममा रहेको बैंकको चेकको भित्रि पानाको फोटोकपी

२०८२।१२।१०

रन माया फ्याक
कार्यालय प्रमुख

रन माया फ्याक
कार्यालय प्रमुख

फोन नं. ०११-६६१४९२
इमेल: sdokavre@gmail.com